लुम्बिनी प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

राप्ती उपत्यका ( देउखुरी) दाङ, नेपाल

प.सं :- २०८०/८१

च.नं :-

*(प्रथम पटक सूचना प्रकाशित मिति : २०८०।१२।२२)*

**श्री कक्षा ११ र १२ सञ्चालन गरेका सामुदायिक विद्यालयहरु सवै (लुम्बिनी प्रदेश)**

**विषय : सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा अध्ययनरत मुक्त कमैया, कम्लहरी, मुस्लिम र दलित समुदायका छात्राहरुका लागि छात्रवृत्ति सम्बन्धी सुचना।**

प्रस्तुत विषयमा यस कार्यालयको आ. व. २०८०।०८१ को वार्षिक बजेट तथा कार्यक्रम अनुसार यस लुम्बिनी प्रदेश भित्रका **सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा अध्ययनरत मुक्त कमैया, कम्लहरी, मुस्लिम र दलित समुदायका छात्राहरुका लागि छात्रवृत्ति** उपलब्ध गराउने कार्यक्रम रहेकोले सम्वन्धित विद्यालयहरुले सूचना प्रवाह गरि यो सूचना जारी भएको मितिले २१ दिन भित्र विद्यार्थीहरुबाट निवेदन संकलन गरि प्राप्त निवेदन र देहायका कागजात रुजु एवं प्रमाणित गरि एक मुष्ट विवरण निवेदन दिने समयावधि समाप्त भएको मितिले ५ दिनभित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**पेश गर्नुपर्ने कागजातहरु**

१. विद्यार्थीको निवेदन पत्र

२. कक्षा १२ को छात्रवृत्तिका लागि कक्षा ११ को र कक्षा ११ को छात्रवृत्तिका लागि एस.इ.इ. को प्रमाणपत्रको प्रतिलिपि

३. सामुदायिक विद्यालयको कक्षा ११ वा १२ मा भर्ना भई नियमित रुपमा अध्ययनरत रहेको र ७० प्रतिशत भन्दा बढी हाजिरी भएको सम्वन्धित विद्यालयको सिफारिस

४. मुक्त कमैया वा कम्लहरी छात्रवृत्तिको लागि सरकारी निकायबाट जारी भएको प्रमाणपत्र/परिचयपत्र/सिफारिसपत्रको प्रमाणित प्रतिलिपि

५. मुस्लिम छात्रवृत्तिको लागि मुस्लिम जातिभित्र सूचिकृत भएको सम्बन्धी सरकारी निकायबाट जारी प्रमाणपत्र/सिफारिस पत्र

६. दलित छात्रवृत्तिका लागि राष्ट्रिय दलित आयोगमा सूचिकृत भएको हुनुपर्ने।

७. अन्य कुनै निकायवाट छात्रवृत्ति नपाएको व्यहोराको सम्बन्धित विद्यालयको सिफारिस पत्र

८. विद्यार्थीको खाता रहेको बैंकको नाम, ठेगाना र खाता नम्वर (बैंकको चेकको फोटोकपी)

यम बहादुर के.सी.

नि. महानिर्देशक

**नि. महानिर्देशक**

**बोधार्थ:**

**श्री सामाजिक विकास डिभिजन कार्यालयहरु सबै:** सम्बन्धित जिल्ला अन्तर्गतका सामुदायिक विद्यालयहरुलाई सूचना प्रवाह गरी कार्यान्वयन गर्नु हुन र एक मुष्ट विवरण तयार गरी प्रमाणित प्रति तथा विद्युतीय (Excel) प्रति समेत निर्देशनालयमा पठाइदिनुहुन।

**सम्पर्क:**

१. बाँके र बर्दिया जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, नेपालगञ्ज, बाँके - सम्पर्क नं ९८५८०८०२८१

२. दाङ र रुकुम पूर्व जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, तुलसीपुर, दाङ - सम्पर्क नं ९८५७८२५२४६

३. प्युठान र रोल्पा जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, विजुवार, प्युठान - सम्पर्क नं ९८५७८६०१४३

४. कपिलवस्तु र अर्घाखाँची जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, तौलिहवा, कपिलवस्तु - सम्पर्क नं ९८५७०५००१३/१४

५. पाल्पा र गुल्मी जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, तानसेन, पाल्पा - सम्पर्क नं ९८५७०७७६२०

६. रुपन्देही र नवलपरासी (ब.सु.प.) जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, भैरहवा, रुपन्देही - सम्पर्क नं ९८५७०३७९५५